# आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिको

## पहिलो त्रैमासिक समीक्षा

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं

# विषय-सूची

पृष्ठभूमि ....... १
मौद्रिक नीतिको कार्यान्वयन स्थिति ....... १
वित्तीय तथा विदेशी विनिमय नीतिहरुको कार्यान्वयन स्थिति....... १
विश्व अर्थतन्त्रको स्थिति र परिदृश्य....... २
आन्तरिक आर्थिक तथा वित्तीय स्थिति....... २
मुद्रास्फीति ....... २
बाह्य क्षेत्र....... ३
सरकारी वित्त ....... ३
मौद्रिक तथा वित्तीय क्षेत्र....... ३
आन्तरिक आर्थिक तथा वित्तीय स्थितिको समीक्षा र परिदृश्य....... ४
नीतिगत व्यवस्थाहरु....... ५

# आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा

## पृष्ठभूमि

१. आर्थिक स्थायित्व र अर्थतन्त्रको दिगो विकासको निमित्त मूल्य र शोधनान्तर स्थिरता कायम गर्ने मूलभूत उद्देश्यका साथ आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीति २०८१ साउन ११ गते सार्वजनिक गरिएको थियो। मौद्रिक नीतिको पहिलो त्रयमाससम्मको कार्यान्वयन स्थिति, आन्तरिक तथा बाह्य आर्थिक एवम् वित्तीय अवस्था तथा समष्टिगत आर्थिक परिदृश्यका आधारमा मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा गरिएको छ।

## मौद्रिक नीतिको कार्यान्वयन स्थिति

२. मुद्रास्फीतिलाई ५.० प्रतिशतको हाराहारीमा राख्ने गरी मौद्रिक व्यवस्थापन गर्ने नीति लिइएकोमा पहिलो ३ महिनाको औसत उपभोक्ता मुद्रास्फीति ४.२६ प्रतिशत रहेको छ । २०८१ असोज महिनामा खाद्य तथा पेय पदार्थ समूहको मूल्य वृद्धि ७.१८ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मूल्य वृद्धि ३.४९ प्रतिशत रही वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ४.८२ प्रतिशत रहेको छ।

३. कम्तिमा ७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने गरी विदेशी विनिमय सञ्चिति कायम गर्ने मौद्रिक नीतिको लक्ष्य रहेकोमा २०८१ असोज मसान्तमा १४.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने विदेशी विनिमय सञ्चिति रहेको छ।

४. मौद्रिक नीतिमा उल्लिखित ब्याजदर करिडोरको माथिल्लो सीमाको बैंकदरलाई ७ प्रतिशतबाट ६.५ प्रतिशत र नीतिगत दरलाई ५.५ प्रतिशतबाट ५.० प्रतिशत कायम गर्ने नीतिगत व्यवस्था कार्यान्वयनमा आएको छ । आर्थिक वर्ष २०८१/८२ को पहिलो त्रयमासमा बैंक तथा वित्तीय संस्थाहरुको भारित औसत अन्तरबैक दर ३.०० प्रतिशत रहेको छ।

५. आर्थिक वर्ष २०८१/८२ मा विस्तृत मुद्राप्रदाय १२.० प्रतिशत र मौद्रिक क्षेत्रबाट निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जा १२.५ प्रतिशतसम्मले वृद्धि हुने प्रक्षेपण गरिएकोमा वार्षिक बिन्दुगत आधारमा २०८१ असोज मसान्तमा विस्तृत मुद्राप्रदाय १३.३ प्रतिशत र निजी क्षेत्रतर्फको कर्जा ६.२ प्रतिशतले वृद्धि भएको छ।

## वित्तीय तथा विदेशी विनिमय नीतिहरुको कार्यान्वयन स्थिति

६. आर्थिक क्रियाकलाप विस्तारलाई सहयोग पुग्नेगरी निर्माण क्षेत्रको पुनर्स्थापनामा सहयोग पुऱ्याउने र बैंक तथा वित्तीय संस्थाको पुँजीकोषमा परेको दबाब कम गर्दै कर्जा प्रवाह सहज बनाउने लगायतका मौद्रिक नीतिमा तय गरिएका व्यवस्थाहरु कार्यान्वयनमा आएका छन्।

७. रु.२ करोडसम्मको लघु, घरेलु, साना तथा मझौला उद्यम, कृषि र स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगलाई प्रवाह हुने कर्जामा आधार दरमा २ प्रतिशत बिन्दुसम्म मात्र थप गरी ऋणको ब्याजदर निर्धारण गर्नुपर्ने व्यवस्थामा कृषिका लागि सहयोगी उद्योग, कृषि औजार उत्पादन, सूचना प्रविधि, पर्यटनलगायत आन्तरिक उत्पादनसँग सम्बन्धित क्षेत्रहरु समेत थप गर्ने लगायतका नियामकीय व्यवस्थाहरु कार्यान्वयनमा आएका छन्।

८. राहदानीबापत उपलब्ध हुने विदेशी मुद्रा सटही सुविधामा सहजीकरण गर्ने, ड्राफ्ट/टी.टी. तथा Document Against Payment / Document Against Acceptance को माध्यमबाट वस्तु आयात गर्दा उपलब्ध हुने सटही सुविधाको सीमा वृद्धि गर्ने, नेपालमा खोलिएका परिवर्त्य विदेशी मुद्राको खाताबाट खर्च गर्न सकिने सीमा वृद्धि गर्ने, सेवा आयातबापत प्रदान गरिने सटही सीमामा सहजीकरण गर्ने र चाँदी आयातको व्यवस्थामा पुनरावलोकन गर्ने लगायतका व्यवस्था कार्यान्वयनमा आएका छन्।

९. लघुवित्त वित्तीय संस्थाको सेवा सम्बन्धमा रहेका गुनासा सम्बोधन गर्दै ग्राहक हित संरक्षणलाई प्राथमिकता दिने, यस्ता वित्तीय संस्थाहरुले कर्जामा लिने सेवा शुल्कसम्बन्धी नियामकीय व्यवस्था पुनरावलोकन गर्ने र परिस्थितिवश ऋण तिर्न नसकेका लघुवित्त वित्तीय संस्थाका ग्राहकहरुलाई निश्चित प्रतिशत ब्याज भुक्तानी गरी कर्जा पुनरतालिकीकरण गर्नसक्ने व्यवस्थाहरु कार्यान्वयनमा आएका छन् ।

## विश्व अर्थतन्त्रको स्थिति र परिदृश्य

१०. अन्तर्राष्ट्रिय मुद्राकोषका अनुसार विश्व अर्थतन्त्रको वृद्धिदर सन् २०२३ मा ३.३ प्रतिशत रहेकोमा सन् २०२४ र सन् २०२५ दुवै वर्ष ३.२ प्रतिशत रहने देखिन्छ । कोषद्वारा सन् २०२४ अक्टोवरमा प्रकाशित World Economic Outlook अनुसार भूराजनीतिक तनाव, जलवायु परिवर्तन, प्राकृतिक प्रकोप लगायतका कारण विश्वको आर्थिक वृद्धि कोभिड-१९ पूर्वको तुलनामा अझै कमजोर छ ।

११. सन् २०२३ मा १.७ प्रतिशतले विस्तार भएको विकसित अर्थतन्त्र सन् २०२४ र सन् २०२५ दुवै वर्ष १.८ प्रतिशतले विस्तार हुने कोषको प्रक्षेपण छ । त्यसैगरी, सन् २०२३ मा ४.४ प्रतिशतले विस्तार भएको उदीयमान तथा विकासोन्मुख अर्थतन्त्रको वृद्धिदर सन् २०२४ र सन् २०२५ दुवै वर्ष ४.२ प्रतिशतले वृद्धि हुने कोषको प्रक्षेपण छ ।

१२. सन् २०२३ मा भारत र चीनको अर्थतन्त्र क्रमशः ८.२ प्रतिशत र ५.२ प्रतिशतले विस्तार भएकोमा सन् २०२४ मा क्रमशः ७.० प्रतिशत र ४.८ प्रतिशतले विस्तार हुने प्रक्षेपण छ । सन् २०२५ मा भारत र चीनको अर्थतन्त्र क्रमशः ६.५ प्रतिशत र ४.५ प्रतिशतले विस्तार हुने कोषको प्रक्षेपण छ ।

१३. विश्वको मुद्रास्फीतिमा सुधार हुँदै आएको छ । सन् २०२३ मा विश्वको उपभोक्ता मुद्रास्फीति ६.७ प्रतिशत रहेकोमा सन् २०२४ मा ५.८ प्रतिशत र सन् २०२५ मा ४.३ प्रतिशत रहने कोषले प्रक्षेपण गरेको छ । विकसित अर्थतन्त्रको मुद्रास्फीति सन् २०२३ मा ४.६ प्रतिशत रहेकोमा सन् २०२४ मा २.६ प्रतिशत र सन् २०२५ मा २.० प्रतिशत रहने प्रक्षेपण छ। उदीयमान तथा विकासशील अर्थतन्त्रको मुद्रास्फीति सन् २०२३ मा ८.१ प्रतिशत रहेकोमा सन् २०२४ मा ७.९ प्रतिशत र सन् २०२५ मा ५.९ प्रतिशत हुने प्रक्षेपण छ ।

१४. सन् २०२३ मा भारत र चीनको औसत मुद्रास्फीति क्रमशः ५.४ प्रतिशत र ०.२ प्रतिशत रहेकोमा सन् २०२४ मा क्रमशः ४.४ प्रतिशत र ०.४ प्रतिशत रहने कोषको प्रक्षेपण छ । त्यसैगरी, सन् २०२५ मा भारत र चीनको औसत मुद्रास्फीति क्रमशः ४.१ प्रतिशत र १.७ प्रतिशत रहने कोषको प्रक्षेपण छ ।

१५. मुद्रास्फीतिमा क्रमिक सुधार देखिएसँगै अन्तर्राष्ट्रिय स्तरमा खुकुलो मौद्रिक नीति अवलम्बन गर्न थालिएको छ। अमेरिकी फेडरल रिजर्भले २०२३ जुलाईमा ५.२५-५.५० प्रतिशत पुऱ्याएको फेडरल फण्ड रेटलाई क्रमशः घटाउँदै २०२४ सेप्टेम्बरमा ४.७५-५.०० प्रतिशत र २०२४ नोभेम्बरमा ४.५०-४.७५ प्रतिशत कायम गरेको छ । युरोपियन केन्द्रीय बैंकले पनि २०२४ अक्टोवरमा निक्षेप सुविधा दरलाई २५ आधार विन्दुले घटाई ३.२५ प्रतिशत कायम गरेको छ । भारतीय रिजर्भ बैंकले २०२४ अक्टोवरमा गरेको मौद्रिक नीति समीक्षामा नीतिगत दर यथावत राखेको छ ।

## आन्तरिक आर्थिक तथा वित्तीय स्थिति

### मुद्रास्फीति

१६. चालु आर्थिक वर्षको पहिलो तीन महिनाको औसत उपभोक्ता मुद्रास्फीति ४.२६ प्रतिशत रहेको छ । २०८१ असोजमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ४.८२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ७.५० प्रतिशत रहेको थियो । तरकारी तथा दलहन उप-समूहको उच्च मूल्य वृद्धिका कारण २०८१ असोजमा वार्षिक बिन्दुगत आधारमा खाद्यान्न समूहको मुद्रास्फीति ७.१८ प्रतिशत रहेको छ भने गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.५० प्रतिशत

रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यी समूहको मुद्रास्फीति क्रमशः ८.४८ प्रतिशत र ६.८५ प्रतिशत रहेको थियो ।

१७. २०८१ असोजमा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति ५.५१ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति २.७८ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा तलब तथा ज्याला सूचकाङ्क ३.३६ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो सूचकाङ्क ५.६५ प्रतिशतले बढेको थियो ।

## बाह्य क्षेत्र

१८. आर्थिक वर्ष २०८१/८२ को पहिलो त्रयमासमा कुल वस्तु निर्यातमा ६.१ प्रतिशतले कमी आई रु.३८ अर्ब ३८ करोड कायम भएको छ भने वस्तु आयातमा ४.२ प्रतिशतले कमी आई रु.३९० अर्ब ७५ करोड कायम भएको छ। फलस्वरुप, गत वर्षको तुलनामा व्यापार घाटामा ४.० प्रतिशतले कमी आई रु.३५२ अर्ब ३७ करोड रहन गएको छ ।

१९. आर्थिक वर्ष २०८१/८२ को पहिलो त्रयमासमा विप्रेषण आप्रवाह ११.५ प्रतिशतले वृद्धि भई रु.४०७ अर्ब ३१ करोड रहन गएको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २५.८ प्रतिशतले वृद्धि भई रु.३६५ अर्ब ३७ करोड पुगेको थियो ।

२०. आर्थिक वर्ष २०८१/८२ को पहिलो त्रयमासमा चालु खाता रु.१११ अर्ब ८७ करोड र शोधनान्तर स्थिति रु.१८४ अर्ब ९९ करोडले बचतमा रहेका छन् । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा चालु खाता रु.५९ अर्ब ६५ करोड र शोधनान्तर स्थिति रु.१०१ अर्ब ६६ करोडले बचतमा रहेका थिए ।

## सरकारी वित्त

२१. नेपाल सरकार, अर्थ मन्त्रालय (महालेखा नियन्त्रक कार्यालय) को तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८१/८२ को पहिलो त्रयमासमा संघीय सरकारको कुल खर्च १७.३ प्रतिशतले र राजस्व परिचालन १३.३ प्रतिशतले बढेको छ। यस अवधिमा नेपाल सरकारको कुल रु.३२९ अर्ब २० करोड खर्चमध्ये चालु खर्च रु.२२९ अर्ब ८५ करोड, पुँजीगत खर्च रु.२९ अर्ब ३७ करोड र वित्तीय व्यवस्था खर्च रु.६९ अर्ब ९७ करोड रहेको छ ।

२२. समीक्षा अवधिमा नेपाल सरकारको कुल राजस्व परिचालन (प्रदेश सरकार तथा स्थानीय सरकारमा बाँडफाँट हुने रकमसमेत) रु.२४८ अर्ब २६ करोड रहेको छ । यस अवधिमा नेपाल सरकारले रु.११५ अर्ब आन्तरिक र रु.२१ अर्ब ३२ करोड बाह्य गरी कुल रु.१३६ अर्ब ३२ करोड ऋण परिचालन गरेको छ ।

## मौद्रिक तथा वित्तीय क्षेत्र

२३. वार्षिक बिन्दुगत आधारमा २०८१ असोज मसान्तमा विस्तृत मुद्राप्रदाय १३.३ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको असोज मसान्तमा यस्तो मुद्राप्रदाय १३.९ प्रतिशतले वृद्धि भएको थियो ।

२४. २०८१ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जाको वार्षिक बिन्दुगत वृद्धिदर ६.० प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जाको वृद्धिदर ४.८ प्रतिशत रहेको थियो। त्यसैगरी, बैंक तथा वित्तीय संस्थाहरुमा रहेको निक्षेप वार्षिक बिन्दुगत आधारमा २०८१ असोज मसान्तमा १२.८ प्रतिशतले वृद्धि भएको छ। २०८० असोज मसान्तमा निक्षेपको वार्षिक बिन्दुगत वृद्धिदर १४.९ प्रतिशत रहेको थियो ।

२५. आर्थिक वर्ष २०८१/८२ को पहिलो त्रयमासमा निक्षेप संकलन बोलकबोलमार्फत रु.५९० अर्ब ५५ करोड र स्थायी निक्षेप सुविधामार्फत रु.७२४२ अर्ब ८५ करोड गरी रु.७८३३ अर्ब ४० करोड (कारोबारमा आधारित) तरलता प्रशोचन गरिएको छ। अघिल्लो वर्षको सोही अवधिमा ओभरनाइट

तरलता सुविधा र स्थायी तरलता सुविधामार्फत रु.३६३ अर्ब ४५ करोड तरलता प्रवाह गरिएको थियो ।

२६. समीक्षा अवधिमा यस बैंकबाट विदेशी मुद्रा खरिदमार्फत रु.१९६ अर्ब ७९ करोड खुद तरलता प्रवाह भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कारोबारबाट रु.१६६ अर्ब ५४ करोड खुद तरलता प्रवाह भएको थियो ।

२७. बैंक तथा वित्तीय संस्थाहरुको निष्क्रिय कर्जा अनुपात २०८० असोजमा ३.६६ प्रतिशत रहेकोमा २०८१ असोजमा ४.४२ प्रतिशत पुगेको छ । २०८१ असोजमा वाणिज्य बैंकको ४.२८ प्रतिशत, विकास बैंकको ४.३७ प्रतिशत र वित्त कम्पनीको १०.८४ प्रतिशत निष्क्रिय कर्जा अनुपात रहेको छ ।

## आन्तरिक आर्थिक तथा वित्तीय स्थितिको समीक्षा र परिदृश्य

२८. आर्थिक वर्ष २०८०/८१ को आर्थिक वृद्धि उपभोक्ताको मूल्यमा ३.८७ प्रतिशत रहेको राष्ट्रिय तथ्याङ्क कार्यालयको अनुमान छ । आर्थिक वर्ष २०७९/८० मा यस्तो आर्थिक वृद्धि १.९५ प्रतिशत रहेको थियो ।

२९. सन् २०२३ को १० महिनामा ८ लाख १० हजार पर्यटक भित्रिएकोमा सन् २०२४ को १० महिनामा ९ लाख ४१ हजार पर्यटक आगमन भएको छ । पर्यटक आगमनमा भएको वृद्धि, एयरपोर्ट लगायतका पर्यटन पूर्वाधारहरुको बढ्दो उपयोग, सूचना प्रविधि क्षेत्रको विस्तार तथा निर्माणाधिन जलविद्युत आयोजनाको प्रगति एवम् क्षतिग्रस्त आयोजनाको पुनर्निर्माण लगायतका कारण समग्र माग विस्तार हुने र त्यसबाट चालु आर्थिक वर्ष लक्षित आर्थिक वृद्धि हासिल गर्न सहयोग पुग्ने अनुमान छ ।

३०. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार २०८१ असोजमा आएको अतिभारी वर्षा र बाढीबाट करिब रु.४६ अर्बको आर्थिक क्षति भएको अनुमान छ । सरकारले सडकमार्ग लगायतका पूर्वाधारको मर्मत तथा प्राकृतिक विपत्तिपछिको पुनर्निर्माणका लागि उल्लेख्य खर्च गर्नुपर्ने भएबाट सार्वजनिक वित्त व्यवस्थापनमा केही चाप पर्ने देखिन्छ । तथापि, भौतिक पूर्वाधार निर्माणमा गरिने खर्चले अर्थतन्त्रका अन्य क्षेत्रहरु चलायमान बनाउन उल्लेख्य सहयोग पुग्ने र त्यसबाट लगानीका लागि बैंक कर्जाको मागसमेत बढ्ने अनुमान छ ।

३१. चालु आर्थिक वर्षको पहिलो त्रयमाससम्म मुद्रास्फीति लक्षित सीमाभित्र रहेको छ । भारतमा पछिल्लो समय खाद्यान्न समूहको मुद्रास्फीतिमा चाप पर्न गई विगत दुई महिनादेखि समग्र मुद्रास्फीति बढेको छ । अधिकांश केन्द्रीय बैंकहरुले नीतिगत दर घटाउन शुरु गरेको अवस्थामा समेत मुद्रास्फीतिमा चाप कायम रहेको कारण भारतीय रिजर्भ बैंकले नीतिगत दरलाई यथावत राखेको छ । अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य स्थिर रहन गई गैर-खाद्य समूहको मूल्यमा भने थप चाप नपर्ने अनुमान छ । यस पृष्ठभूमिमा आर्थिक वर्ष २०८१/८२ को वार्षिक औसत मुद्रास्फीति ५.० प्रतिशतको सीमाभित्र रहने अनुमान छ ।

३२. भारतमा खाद्य समूहको मुद्रास्फीति उच्च रहेको अवस्थामा मध्यपूर्वी एशियाली मुलुकमा विद्यमान भू-राजनीतिक तनाव तथा थप जटिल हुँदै गएको रुस युक्रेन युद्धका कारण आपूर्ति श्रृंखलामा व्यवधान पुग्नसक्ने र यसबाट उपभोक्ता मूल्यमा चाप पर्नसक्ने जोखिम भने यथावत छ ।

३३. विप्रेषण आप्रवाहमा भएको वृद्धिलगायतका कारण २०८१ असोजमा कायम विदेशी विनिमय सञ्चितिले १४.६ महिनाको वस्तु तथा सेवाको आयात धान्नसक्ने अवस्था छ । वैदेशिक रोजगारीमा जाने नेपालीहरुको संख्या वृद्धि भई विप्रेषण आप्रवाहमा समेत वृद्धि हुने अनुमानका आधारमा चालु आर्थिक वर्षको बाँकी अवधिमा पनि विदेशी विनिमय सञ्चिति सुविधाजनक रहने अनुमान छ ।

३४. यस बैंकले मुद्रास्फीति र विदेशी विनिमय सञ्चितिको अवस्थालाई विश्लेषण गर्दै उपलब्ध साधनबाट आर्थिक वृद्धिमा सहयोग पुर्‍याउने गरी तरलता व्यवस्थापन गर्दै आएको छ । अर्थतन्त्रको

विद्यमान अवस्था एवम् परिदृश्य, विदेशी विनिमय सञ्चितिको स्तर तथा मुद्रास्फीतिको विश्लेषणका आधारमा आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिको सजगतापूर्ण लचिलो कार्यदिशालाई निरन्तरता दिइएको छ ।

## नीतिगत व्यवस्थाहरु

३५. मौद्रिक नीतिको विद्यमान नीतिगत दरलाई ५ प्रतिशत, ब्याजदर करिडोर अन्तर्गतको तल्लो सीमाको रुपमा रहेको निक्षेप संकलन दरलाई ३.०० प्रतिशत र ब्याजदर करिडोर अन्तर्गतको माथिल्लो सीमाको रुपमा रहेको बैंक दरलाई ६.५ प्रतिशतमा यथावत राखिएको छ ।

३६. अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपातलाई यथावत राखिएको छ ।

## अन्त्यमा,

३७. मौद्रिक नीतिको कार्यदिशालाई दिइएको निरन्तरताबाट मूल्य स्थिरता तथा बाह्य क्षेत्र स्थायित्व कायम राख्दै आर्थिक क्रियाकलाप विस्तारमा थप सहयोग पुग्नगई नेपाल सरकारले लिएको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

३८. चालु आर्थिक वर्षको मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षाको क्रममा प्रत्यक्ष/परोक्ष रुपमा सहयोग पुऱ्याउने मौद्रिक नीति सुझाव समिति लगायत सबै सरोकारवालाहरुलाई धन्यवाद ज्ञापन गर्दै मौद्रिक नीतिको कार्यान्वयनमा सदाझैं सबैको सहयोग रहने यस बैंकको विश्वास रहेको छ ।

***१४ मंसिर २०८१***